जन्तेढुङ्गा गाँउपालिका

गाँउसभाको १९ औं अधिवेशनमा

गाँउपालिका अध्यक्ष श्री अरुणा देवी राई ज्यूद्वारा प्रस्तुत

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

## जन्तेढुङ्गा गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय

चिसापनी, खोटाङ

कोशी प्रदेश, नेपाल

वि.सं. २०८३, असाढ ७ गते आइतबार

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

**गाउँ सभाका उपाध्यक्ष ज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

२०७९ सालको निर्वाचनमा सम्मानित मतदाताले मतदान गरि निर्वाचित भएपछिको गाउँपालिका अध्यक्षको रूपमा १९ औं गाउँसभालाई सम्बोधन गरिरहँदा मलाई खुसी लागेको छ।

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातःस्मरणीय महान् सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु। यस क्रममा भएका सबै आन्दोलन तथा सशस्त्र संङ्घर्षको नेतृत्व गर्नु हुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै बेपत्ता परिवार घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइ प्रति उच्च सम्मान व्यक्त गर्दछु। प्रत्येक व्यक्तिलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धि प्रति गौरव बोध गराउन, जनतामा स्थानीय सरकार प्रति आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता बढाउन भ्रष्टाचार नियन्त्रण गर्न र दण्डहीनता अन्त्य गर्न जन्तेढुङ्गा गाउँपालिका प्रतिवद्ध छ।

आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा गाउँपालिकाको सुझाव सङ्कलन कार्यक्रम आयोजनामा उपस्थित भई आ-आफ्नो राय सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार साथै गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

**"मेरो सपनाको जन्तेढुङ्गा"** गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी नागरिकको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र, समुदाय तथा सहकारीको साझेदारीमा विकास गर्न प्रतिवद्ध छौं।

गाउँपालिकालाई कृषि र पशुपंक्षीको उत्पादनमा निर्यात योग्य बनाउने, पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, जीवन उपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य र रोजगारीलाई व्यवस्थित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पूर्वाधार एवम् मानवीय विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु,**

सङ्घीय सरकार तथा प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव परेकोले स्थानीय तहले पाउनु पर्ने राजस्व तथा वित्तीय हस्तान्तरणको नकारात्मक असर स्थानीय तहमा पनि निरन्तर परि रहेको छ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन १५ सय देखि २ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर वनाएको छ। आन्तरिक र वाह्य वसाइसराइका कारण गाउँपालिकाका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन। उब्जाउ योग्य खेत वारी बाँझो हुन पुगेका छन। यस सन्दर्भमा युवालाई गाउँपालिका भित्रै कृषि, पशुपालन र पर्यटन उद्यमीका रुपमा विकास गरि रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनःउत्थानशील क्रियाकलापमार्फत अगाडि बढाउदै तीव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको प्रत्याभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउन जन्तेढुङ्गा गाउँपालिका प्रयासरत छ।

**गाउँसभाका उपाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आ. व. २०८३/८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**कृषि सम्बन्धी नीति तथा कार्यक्रम**

**"उत्पादन तपाई गर्नुहोस् बजार हामी दिन्छौ"** भन्ने नारालाई निरन्तरता दिइएको छ।

१. जन्तेढुङ्गा गाउँपालिकाको उत्पादन आयआर्जन र रोजगारी सृजना हुने मुख्य कृषि र पशु पालन नै भएको र अधिकांश जनता यसैमा निर्भर रहेको हुँदा यसलाई निर्वाहमुखीबाट व्यवसायीकरण तर्फ उन्मुख गराउनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइएको छ।

२. भुमि बैंक स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गरिने छ। कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बाझो जमिनमा सामूहिक खेतीलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। उच्च मूल्य हुने कृषि बालिहरुको पहिचान गरि व्यवसायीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. कृषिलाई व्यवसायिक तथा आधुनिक बनाउन मागमा आधारित कृषक गाउँपालिका यान्त्रीकरण साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ। उत्पादित स्थानीय कृषि वस्तुको सङ्कलन तथा बजारीकरणको व्यवस्था मिलाइनेछ। सिस्नो र साग खेतिको विस्तार गरी व्यावसायिक रुपमा प्रवर्द्धन गरिनेछ।

४. कृषि तथ्यांक सङ्कलन बाट वास्तविक कृषक पहिचान गरि आवश्यक कार्यक्रम तय गरि लागू गरिनेछ। कृषक सूचीकरण कार्यलाई निरन्तरता दिइनेछ।

५. उत्पादनको भण्डारणका लागि शित भण्डार सञ्चालन कार्यविधि बनाइ प्रयोगमा ल्याइनेछ। कृषि उत्पादनलाई प्रवर्द्धन एवं पुरस्कृत गर्न कृषि मेला प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. कृषि उत्पादनलाई क्षति पुर्याउने वन्यजन्तुलाई नियन्त्रण एवं व्यवस्थापन गर्न स्वयंसेवक परिचालन नीतिलाई अवलम्बन गरिनेछ।

७. कृषिमा अनुगमन कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ। कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहिन तथा साना तथा सिमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ।

८. खाद्यान्न बालीको उत्पादन वृद्धि गर्न बीउ अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। तरकारीको उन्नत बिउमा कृषकको पहुँच बढाउन उन्नत तरकारीको बीउ वितरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

९. सुन्तला, किवी, अलैंची, आँप, लिची, कफी, मेकोडोनिया, ठुलो कटुस (उन्नत जात), एभोकार्डो लगायत अन्य फलफूल नगदे बालिको उत्पादन तथा उत्पादकत्वलाई विशेष प्राथमिकता दिइनेछ।

१०. "जन्तेढुङ्गाको पहिचान उत्पादनमा अनुदान" कार्यक्रम लाई निरन्तरता दिइनेछ।

११. एक गाउँ एक कृषि प्राविधिकहरुलाई निरन्तरता दिइनेछ। कृषि र पशुपालनका लागि कृषकसँग प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. रोग कीरा नियन्त्रण गरि उत्पादन वृद्धि गर्न बाली संरक्षण कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ। माटोको गुणस्तर बढाइ उत्पादन वृद्धि गर्न माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ। माटोको स्वास्थ्य सुधार गर्न जैविक एवम्

अरुणा राई
गाउँपालिका अध्यक्ष

प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्धन गरिनेछ । उत्पादनदेखि उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई उत्थानशील बनाइनेछ । पशु स्वास्थ्य सेवा र व्यावसायिकीकरण मार्फत पशुपालन क्षेत्र सुदृढ गरिनेछ । कृषि प्रणाली र प्रविधिमार्फत कृषि क्षेत्रलाई हरित अर्थतन्त्रसँग जोडिनेछ ।

१३. रैथाने बालीहरुको बिउ संरक्षण खेती विस्तार तथा बजारीकरणका लागि विशेष प्रबन्ध मिलाइनेछ । जडिबुटीजन्य उत्पादन विस्तार, संरक्षण, र प्रशोधनलाई प्रोत्साहित गरिनेछ ।

१४. उत्पादन वृद्धि, लागत न्यूनीकरण र खाद्यान्न आत्मनिर्भरका लागि नीतिगत सुधार, "प्याकेजमा आधारित उत्पादन प्रणाली" यान्त्रीकरण, डिजिटल प्रविधि तथा एग्रिटेक मार्फत कृषि आधुनिकीकरणलाई तीव्रता दिइनेछ ।

१५. स्थानीय सम्भाव्यता, भौगोलिक अवस्था तथा बजार सम्भाव्यताका आधारमा रैथानेबाली लगायतका कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण प्रवर्द्धन गर्ने कार्यमा अन्य स्थानीय तहसँग सहकार्य गरिनेछ ।

**पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१६. कृषि तथा पशुपालनलाई गाउँपालिकाको मुख्य आय आर्जन र रोजगारीको मुख्य आधार स्तम्भ मानिएको छ ।

१७. पशुपंक्षी तथा मत्स्यपालनमा कुनै किसिमको रोग लाग्न नदिन र कृषकहरुको उत्पादन घट्न नदिन पशु औषधि खरिद गरेर निशुल्क रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. गाउँपालिकामा डेरी उत्पादन र खपत बढाएर दुध उत्पादनलाई आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिने छ ।

१९. पशुपालनमा आवद्ध कृषकहरुलाई उत्पादन र उत्पादकत्व बढाउन विभिन्न खोर तथा गोठ सुधार कार्यक्रम, पशुपालन सामग्री, उपकरण, उन्नत नश्ल वितरण, आदि विशेष अनुदानमा उपलब्ध गराइनेछ ।

२०. मासुजन्य पशुपन्छी पालनलाई निर्यातमुखी बनाउन पहल गरिनेछ ।

२१. एक वडा एक पशु प्राविधिकको सेवालाई निरन्तरता दिइनेछ ।

२२. चरन क्षेत्रको विकास, पशुपालन र वनमा आधारित जीविकोपार्जन प्रवर्धन गर्दै वन क्षेत्रका स्रोतहरुको वैज्ञानिक उपयोग गरिनेछ । वन क्षेत्रभित्र रहेका स्याउला, सोतर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा उपयोग गरी प्राङ्गारिक मल, बायोचार उत्पादन प्रवर्धन गरिनेछ ।

२३. खोरेत रोग रोकथाम तथा उन्मुलन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । पशु स्वास्थ्यलाई मध्यनजर गरी रोग तथा परजीवि नियन्त्रण गर्न घुम्ति शिविर सञ्चालनको व्यवस्था गरिनेछ । पशुपंक्षी तथा मत्स्यपालन व्यवसायमा आवद्ध कृषकहरुको समस्या समाधान गर्न खोर तथा गोठमा नियमित विशेषज्ञ र प्राविधिक सेवा विस्तार गरिनेछ । कुनै प्रकारको महामारी फैलिन नदिन पशु सेवा शाखा बाट नियमित पशुपंक्षी फर्म तथा कृषक स्थल अवलोकन तथा सर्भेलेन्स गरिनेछ ।

**शिक्षा**

२४. २०८५ जेष्ठ सम्ममा बालमैत्री घोषणाको लक्ष्य हासिल गर्नको लागि सो सम्बन्धी सूचक अनुसारको कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ ।

२५. प्रत्येक विद्यालयलाइ प्रविधिमैत्री शिक्षा लागू गरी सम्पूर्ण कागजातहरु डिजिटल बनाइने नीतिलाई निरन्तरता दिइनेछ । विद्यालयहरूमा इ-हाजिरीको व्यवस्था गरिनेछ । ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ ।

२६. विद्यार्थीको शिक्षण सिकाईमा सुधार ल्याउन प्रविधिमैत्री, बालमैत्री तथा वातावरणमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. विद्यालय शिक्षालाइ गुणस्तरीय बनाउन कार्यसम्पादन सम्झौता गरि परिणाममुखी बनाउन दण्ड र पुरस्कारको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२८. शिक्षक तथा कर्मचारीलाइ पेशागत क्षमता अभिवृद्धि गर्दै प्रबोधीकरण गर्न विभिन्न विषयमा आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

सन्तोकुशा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिलासानी, कोशी प्रदेश, नेपाल २०७४

२९. स्थानीय मातृभाषा, सामाजिक साँस्कृतिक विषयको अध्ययन अध्यापन गराउन स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको छपाई तथा वितरण गरिनेछ ।

३०. उच्च शिक्षामा छोरी वुहारी पहुँच कार्यक्रम सञ्चालन गरी नि:शुल्क अध्ययनको व्यवस्था गरिनेछ ।

३१. प्रत्येक विद्यालय लाई एक विद्यार्थी एक बिरुवा कार्यक्रम अन्तरगत हरित विद्यालय बनाउन उत्प्रेरित गरिनेछ र आन्तरिक कृयाकलाप अन्तर्गत कृषि कर्मसँग जोड्ने कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई अभिप्रेरित गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

३२. प्रत्येक सामुदायिक विद्यालयको दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक गतिविधि तथा कार्य सञ्चालन क्रियाकलापलाई विद्यालयको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा अवलम्बन गरि निरन्तरता दिइनेछ ।

३३. विद्यार्थीको शैक्षिक स्तर वृद्धि गर्नु स्थानीय स्तरको शैक्षिक सामाग्री निर्माण, सङ्कलन, कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद गरि वितरण गर्ने साथै खेलकुद विकासका लागि आवश्यक सामाग्री खरिद गरि वितरण गरिने नीति निरन्तरता दिइनेछ । अनुभव र व्यवहारिक ज्ञान सहितको शिक्षा आर्जन गर्ने परिपाटी बसाइनेछ ।

३४. प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नेतृत्व क्षमता विकास गरी संस्कारी जिम्मेवार, अनुशासित नैतिकवान् र सहभागिता अभिवृद्धि गर्न स्काउट, जुनियर रेडक्रम सर्कल युवा रेडक्रस सर्कल, बाल क्लव, युवा क्लवलाई सक्षम बनाउँदै लगिनेछ ।

३५. शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ ।

३६. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाइको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासलाई निरन्तरता दिइनेछ । शैक्षिक सुधार योजना लागु गरी सबै सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार गर्दै जाने नीति लिइनेछ ।

३७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ । शिक्षकको पेशागत विकास, अभिलेख व्यवस्थापन र उचित पारिश्रमिक सुनिश्चित गरिनेछ ।

३८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

३९. किशोरीहरुका लागि सेनिटरी प्याडको वितरणको व्यवस्था प्रभावकारी बनाइने छ । साथै प्रयोग पछाडिको व्यवस्थापन विद्यालयहरुले नै गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४०. शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना दर शत प्रतिशत कायम गरि विद्यालय छाड्ने दर न्यून राख्न शिक्षक, विद्यार्थी अभिभावक र सरोकारवालासँग अन्तरक्रियात्मक कार्यक्रम सम्पूर्ण विद्यालयहरुको समन्वयमा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

४१. दिवा खाजा कार्यक्रम व्यवस्थित गर्न जंक फुडलाई निरुत्साहित गर्न स्थानीय रुपमा उत्पादित खाद्य पदार्थलाई उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४२. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अभिभावक बीचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४३. अभिभावक विहीन र विपन्न परिवारका सन्तानलाई आवासीय पठन पाठनको व्यवस्थालाई निरन्तरता दिइएको छ ।

४४. स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक लेखन र छपाई गरि विद्यालयलाई वितरण गरिनेछ ।

४५. आफूसँग भएका सीपको परीक्षण गरि तहगत प्रमाण पत्र लिन चाहेमा कोशी प्रदेश सामाजिक विकास मन्त्रालय सँग समन्वयको व्यवस्था गरिनेछ ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

४६.गाउँपालिकाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई तथ्यपरक, अद्यावधिक, विश्वसनीय तथा प्रमाणमा आधारित बनाइनेछ । शैक्षिक तथ्यांकको गुणस्तर अभिवृद्धि गर्दै योजना निर्माण, बजेट विनियोजन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

४७.अपाङ्गता भएका बालबालिका, विपन्न, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा अन्य जोखिममा रहेका बालबालिकाको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्दै समावेशी शिक्षा प्रवर्द्धन गरिनेछ ।

४८.शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुको क्षमता विकास गर्दै विद्यालय सुशासन, नतिजामुखी व्यवस्थापन तथा जवाफदेहिता प्रणाली सुदृढीकरण गरिनेछ ।

४९.न्यून विद्यार्थी भएका सामूदायिक विद्यालय एकीकरण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

**संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

५०.गाउँपालिकाले भाषा साहित्य कला संस्कृतिको संरक्षण तथा सम्वर्धनको नीतिलाई निरन्तरता दिइनेछ । परम्परागत रुपमा रहेका धर्म, संस्कृति, जात्रा पर्व, मेलाको संरक्षण, संवर्धन र प्रवर्धन गरिनेछ । आदिवासी जनजाति लगायत समुदायको साँस्कृतिक आस्थाका भूमिको अभिलेखीकरण, संरक्षण र संवर्धन गरिनेछ ।

५१.गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिविम्वहरु निर्माणलाई प्रोत्साहित गरिनेछ ।

५२.गाउँपालिका भित्र आयोजना हुने मेला, प्रदर्शनी तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शन गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

५३.भाषा, लिपि, धर्म, संस्कृति, कला, साहित्य, सङ्गीत तथा रैथाने ज्ञान, सिप र कलाको अध्ययन, संरक्षण एवम् प्रवर्द्धन गरिनेछ । पराम्परागत सीपको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

५४.गाउँपालिका भित्र रहेका पुराना मठ मन्दिरहरुलाई पुरातात्विक विभाग सँगको सहकार्यमा खोज अनुसन्धान र प्रचार प्रसार गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

५५.आध्यात्मिक तीर्थ कुटनीति मार्फत होङ्म पोखरी, भानुमति, छोङ्खा साकेन्वा, जन्तेढुङ्गा, कुइभिर क्षेत्र, पञ्चकन्या, कन्या अवतारी, सिंहदेवी क्षेत्रको विकास तथा प्रवर्धन गरिनेछ ।

**युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

५६.विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ ।

५७.वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान सीप र पुँजीको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम सँग आवद्ध गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

५८.युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जसमा कृषि उत्पादनलाई प्राथमिकता दिइनेछ ।

५९.खेलकुद प्रतियोगितामा सहभागिता जनाउन गाउँपालिकामा सूचीकृत भइ स्वीकृत गराएर मात्र सहभागी हुने लाई गाउँपालिकाले सहयोग गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

६०.अन्य खेलकुद प्रतियोगिता समेतलाई महत्व दिई आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

६१.लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय शासनको मूल प्रवाहमा समाहित गर्दै महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएङ्का व्यक्ति, ज्येष्ठ नागरिक तथा पिछडिएका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

६२.बाल अधिकारको संरक्षण र बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बालविवाह, बालश्रम, बालहिंसा तथा बाल बेचबिखान विरुद्ध सचेतनामूलक तथा संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिका तथा वडा स्तरीय बालक्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीतिलाई निरन्तरता दिइनेछ ।

६३.ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६४.ज्येष्ठ नागरिकको पालन पोषण, संरक्षण र सुरक्षा गर्ने कार्यलाई प्राथमिकता दिइने नीतिलाई निरन्तरता दिइनेछ । सबै वडामा जेष्ठ नागरिक उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. ७५ वर्ष माथिका वृद्धवृद्धाहरुलाई सहुलियत दरमा तथा गर्भवती र सुत्केरी महिलाहरुलाई नि: शुल्क प्रदान गरिएको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।

६६.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

६७.असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुन: स्थापना सेवाको व्यवस्था गरिनेछ । अपाङ्गता भएका व्यक्तिलाई उद्यमशीलता र रोजगारमूलक सिप प्रदान गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सार्वजनिक संरचनालाई पूर्ण रुपमा अपाङ्गतामैत्री बनाइनेछ ।

६८.महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिइनेछ । महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६९.सामाजिक तथा साँस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ । हिंसा पीडित-उद्धार केन्द्रीत सेवा प्रणाली सुदृढ गरी, कानूनी सहायता, पुन: स्थापना र सामाजिक पुन: एकीकरणका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७०.किशोरीहरुको शारीरिक, मानसिक तथा प्रजनन स्वास्थ्य सुधारका लागि किशोरी सशक्तीकरण, जीवन उपयोगी शिक्षा, नेतृत्व विकास तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा किशोरीको सर्वाङ्गीण विकासका लागि "**किशोरी सशक्तीकरण तथा आत्मरक्षा**" अभियान सञ्चालन गरिनेछ । साक्षरतादर न्यून भएका समुदायका छोरीको शिक्षामा पहुँच बढाउँदै आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि "**सक्षम छोरी**" कार्यक्रम सञ्चालन गरिनेछ । उच्च शिक्षामा छोरी/बुहारी पहुँच कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिइएको र सबै नेपालीहरुलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गरी नेपाली जनताको स्वास्थ्य स्थितिमा अपेक्षित सुधार ल्याई स्वस्थ जीवनयापन गर्न संघीय सरकार र प्रादेशिक सरकारले लिएको नीति तथा कार्यक्रम सञ्चालन गरिरहेकामा स्वास्थ्य सेवाका प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई अझ प्रभावकारी, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकाकाले सङ्घीय सरकार र प्रादेशिक सरकारको नीति तथा कार्यक्रमलाई सहयोग पुग्नेगरि कार्यक्रम सञ्चालन गर्न निम्न नीति तय गरिएको छ ।

७१.यस गाउँपालिकामा रहेका विपन्न, गरीब, पिछडिएका वा पछि पारिएका जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले नि: शुल्क वितरणका लागि तोकेका औषधीहरु साथै नसर्ने रोगहरुका औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७२.ग र घ वर्ग(पहेलो र सेतो कार्ड) भएका अपाङ्गता भएका व्यक्ति र नियमित औषधि सेवन गर्ने मुटु रोगीको गाउँपालिकाले स्वास्थ्य बिमा गरिदिने छ। सो कार्य पुरा गर्ने बिमा अभिकर्तालाई प्रोत्साहन समेतको व्यवस्था गरिने छ। स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरि फार्मेषी सञ्चालनमा निरन्तरता दिइनेछ।

७३.गर्भवती महिलाको लागि ग्रामीण भिडियो एक्सरे कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ, साथै पाठेघरको क्यान्सरको जाँच (VIA test) लाई निरन्तरता दिइनेछ। आङ्ग खसेका महिलाहरुको पहिचान गरि नि: शुल्क उपचारको कार्यलाई निरन्तरता दिइनेछ। पालिका भित्र रहेका सुत्केरी आमाहरुको नियमअनुसार घर भेट जाँच कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७४.सुरक्षित मातृत्वलाई पहिलो प्राथमिकता दिई गर्भ अवस्थाको पहिलो महिनाबाट नै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको प्रत्यक्ष निगरानी बमोजिम स्वास्थ्य संस्थामै प्रसुती हुने अवस्थालाई प्रोत्साहन गर्न आवश्यक भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ।

७५.स्थानीय स्तरमा उत्पादन हुने पोषण युक्त खानालाई व्यवहारमा परिर्वतन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

७६.पालिका भित्रका जन्मे देखी २४ महिना सम्मका सम्पूर्ण बालबालिकाहरुलाई नियमित मासिक रुपमा तौल अनुगमन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

७७.सरकारले निर्धारण गरेको विपन्न नागरिक औषधी उपचार सम्बन्धी मृगौला रोग, मुटु रोग, क्यान्सर, पार्किन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया सम्बन्धी जटिल प्रकृतिका रोगको उपचारका लागि बिरामीलाई उपचारको पहुँच सम्म पुर्याउन आवश्यक आर्थिक सहयोगको व्यवस्थालाई निरन्तरता दिइनेछ।

७८.प्राथमिक स्वास्थ्य केन्द्रको आकस्मिक सेवालाई अझ प्रभावकारी रुपले सेवा दिनको लागि कर्मचारीहरुको नियम अनुसार पाउने ईमरजेन्सी भत्ता रकम लाई निरन्तरता दिइनेछ।

७९.स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यक्रम बिस्तार गरिनेछ। सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेकोमा त्यसलाई अझै प्रभावकारी रुपमा व्यवस्थित गरिनेछ।

८०.सुरक्षित मातृत्व, नवजात शिशु, वाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन्, प्रौढ तथा जेष्ठ नागरिकको सेवालाई निरन्तरता दिँदै अझ प्रभावकारी रुपमा सेवा विस्तार गरिदै लगिनेछ। महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी सम्पूर्ण समस्याहरुको खोजपड्ताल गरी उपचारको व्यवस्था गरिनेछ।

८१.गाउँपालिकावासी सबै नागरिकलाई आकस्मिक सेवाको पहुँचमा सुनिश्चित गरिदै लगिनेछ। स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरुको लागि नि: शुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँगको सहकार्य नीतिलाई निरन्तरता दिइनेछ।

८२.गाउँघर क्लिनिक र खोप क्लिनिक लाई व्यवस्थित गरिदै लगिनेछ र क्लिनिक सञ्चालन गर्ने स्वास्थ्य कर्मीको प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ।

८३.क्षयरोग खोजपड्ताल कार्यक्रम सबै वडामा निरन्तर सञ्चालन गरिनेछ।

८४.गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण ,खेती प्रवर्द्धन र प्रशोधनका कार्यलाई निरन्तरता दिइनेछ साथै प्राकृतिक चिकित्सा र स्थानीय जडिबुटीको प्रयोग गरी उपचार गर्ने स्थानीय वैद्यलाई प्रोत्साहित गरिनेछ।

८५.महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ। स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेवकको क्षमता र सेवा दायरा विस्तार गरिनेछ।

८६.सुनौलो हजार दिने आमाहरुको पोषण सुधारका लागि वडा भेट कार्यक्रम लाई निरन्तरता दिइनेछ।

८७.सुरक्षित गर्भपतन सेवालाई सूचिकृत स्वास्थ्य संस्थाबाट गरिने सेवा प्रवाह ९ हप्ता सम्मको गर्भपतन सेवा लाई निरन्तरता दिने साथै ९ हप्ता देखि १२ हप्ता सम्मको गर्भपतन सेवा लाई प्राथमिक स्वास्थ्य केन्द्रबाट गरिने कार्यलाई निरन्तरता दिइनेछ।

८८.खोपको सुनिश्चितता र दिगोपनालाई कार्यान्वयन गरिनेछ।

८९.मनोसामाजिक परामर्शकर्ता मार्फत परामर्श सेवा लाई निरन्तरता दिइनेछ।

९०. महिला प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व र लैंगिक हिंसाबाट हुने स्वास्थ्य प्रतिकूलता व्यवस्थापनलाई थप सुदृढ गरिनेछ।

९१. नसर्ने रोग न्यूनीकरणका लागि "जीवन चक्र अवधारणा" मार्फत नागरिक आरोग्य कार्यक्रम, स्वास्थ गर्भावस्था, जेष्ठ नागरिक स्वास्थ्य पवर्द्धन, स्तनपान आमा कार्यक्रम सञ्चालन गरिनेछ। बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

९२. जेष्ठ नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्य व्यवस्थापन गरी सहज जीवनयापनका लागि "स्वास्थ्य बुढ्यौली प्रवर्द्धन कार्यक्रम" सञ्चालन गरिनेछ।

९३. दिगो विकास लक्ष्यमा निर्दिष्ट सरुवा रोग नियन्त्रण सम्बन्धी उपलब्धि हासिल गर्न सचेतना, रोग पहिचान र व्यवस्थापनलाई सुदृढ गरिने छ। उच्च मातृ तथा नवजातशिशु मृत्युदर कम गर्न रणनीतिक स्थानमा रहेका बर्थिङ सेन्टरको वस्तुनिष्ठ ब्यवस्थापन एवम् एकीकरण गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ।

**आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

९४. स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यवसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९५. समग्र आर्थिक गतिविधि चलायमान बनाउन र आर्थिक क्रियाकलापको स्तर मापनका लागि आर्थिक सर्वेक्षण गरिनेछ।

९६. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला उत्पादन देखि बजारीकरणसम्म, गाउँपालिका, निजीक्षेत्र र सहकारी/समुह समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

९७. दलित समुदाय लक्षित कृषक समूह निर्माण गर्दै आवश्यक सहयोग गरिनेछ।

९८. वनजन्य कृषि उपज गाउँपालिका बाहिर निर्यात गर्दा सबै उत्पादनलाई करको दायरामा समावेश गरिनेछ।

**उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

९९. औद्योगिक तथा व्यवसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

१००. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

१०१. सम्पूर्ण स्थानीय कच्चा पदार्थ उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुराइनेछ।

१०२. पर्यटकीय स्थलहरुमा निजी लगानीमा खुला गर्ने नीति लिइनेछ। पुराना वस्तीहरुको संरक्षण गरी जीवन्त सङ्ग्रहालयको रुपमा स्थापित गर्दै पर्यटन प्रवर्द्धन गरिनेछ।

१०३. विभिन्न जातजातिहरुको ऐतिहासिक, साँस्कृतिक, धार्मिक पहिचान स्थापित गर्न स्थानीयहरुलाई होमस्टे सञ्चालनमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०४. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडीङ्ग वोर्ड राखिनेछ। सडकका दोबाटो चौबाटोहरुमा मार्गदर्शक बोर्ड राखिनेछ।

१०५. स्थानीय स्तरमा बसोबास गर्ने बेरोजगार तथा उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक र वैदेशीक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई उद्यमशीलता तालिम दिई उद्यमी बन्न प्रोत्साहित गरिनेछ।

१०६. स्थानीय स्तरमा भएका कच्चापदार्थको सदुपयोग गरि उद्यमशीलता तालिम लिने व्यक्तिहरुलाई प्राविधिक सीप विकास तालिम दिइनेछ।

१०७. उद्यमीहरुले उत्पादन गरेका सामान बिक्री वितरणका लागि साझा सुविधा केन्द्र (कोसेली घर) सञ्चालनमा ल्याइने छ।

१०८. प्राविधिक सीप विकास तालिम लिइएका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने ऋणको बारेमा जानकारीको लागि समूह सहकारी, बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. "सुरक्षित सूचना प्रविधि सबैको हातमा, पालिका तपाईको साथमा" भन्ने नाराका साथ सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिसँग जोड्ने नीतिलाई निरन्तरता गरिनेछ।

१२९. महिला, दलित समुदायलाई सूचना प्रविधिमा पहुँच बढाउनका निम्ति सूचना प्रविधि साक्षरता कार्यक्रम लागू गरिनेछ।

१३०. युवा तथा महिलालाई सूचना प्रविधिको माध्यमबाट रोजगारी र उद्यमशीलतातर्फ आकर्षित गरिनेछ। सूचना प्रविधिको प्रयोग मार्फत महिला उद्यमशीलता तथा स्वरोजगारीका अवसर सिर्जना गर्ने व्यवस्था मिलाइनेछ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१३१. हाल सम्म निर्माण भएका ऐन, कार्यविधि, मापदण्ड, निर्देशिका र नियमहरुलाई संशोधन गर्न वा ऐन परिमार्जन गर्न र खारेजी गर्न वा नयाँ निर्माण गर्न परामर्श सेवा मार्फत प्रकृया अगाडि बढाइने छ।

१३२. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ। न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। सामान्य विवाद समाधान वडा स्तरीय मेलमिलाप केन्द्रबाटै गर्न मेलमिलाप कर्तालाई तालिमको व्यवस्था गरिनेछ।

१३३. मानव अधिकारको सम्मान संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३४. विभेदमुक्त गाउँपालिका घोषणा गर्ने प्रकृया अवलम्बन गरिनेछ।

१३५. स्थानीय तहलाई आवश्यक ऐन, कार्यविधि र नियमहरुको लागि गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, प्रदेश मन्त्रालय र सङ्घीय मन्त्रालय सँग समन्वय गरिने छ।

१३६. विधिशास्त्रीय मान्यताअनुसार कानून तर्जुमामा जोड दिइनेछ। कानूनको एकीकरण संहिताकरण तथा अभिलेखीकरणलाई व्यवस्थित गर्दै प्रकाशन तथा वितरणलाई थप प्रभावकारी बनाइनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण:

१३७. पञ्जीकरण सम्बन्धी सम्पूर्ण कामहरु अनिवार्य अनलाईन गर्न निरन्तरता दिइनेछ।

१३८. सबै वडाका व्यक्तिगत घटना दर्ता किताब (ढड्डा) लाई डिजिटाईजेशन गरिनेछ।

१३९. सामाजिक सुरक्षा सेवा लिने लाभग्राहीहरुको नवीकरण तथा बायोमेट्रिकका लागि शिविर सञ्चालन गरिने छ।

१४०. अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४१. सामाजिक विकृति न्यूनीकरण तथा रोकथामका लागि सामाजिक उत्तरदायित्व सहितको नैतिकवान् र स्वयंसेवी नागरिक निर्माण गर्न विभिन्न अभियानहरु सञ्चालन गरिनेछ।

## सार्वजनिक सेवा प्रवाह, सुशासन तथा क्षमता विकास सम्बन्धी नीति

१४२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न उल्लेखित बेरुजुको विवरण अनुसार पेश्की बेरूजु, असुल उपर गर्नु पर्ने बेरुजु र प्रमाण पेश गर्नु पर्नेको हकमा यथासक्य चाँडै पत्रचार गरि बेरुजु फछर्यौट गराइनेछ र अनियमित भएको बेरुजु सुझाव अनुरुप कार्य गरि नियमित गराइनेछ। शून्य बेरुजुको लक्ष्य हाँसिल गर्न जन्तेढुङ्गा गाउँपालिका निरन्तर लागिरहने छ।

१४३. प्रत्येक चौमासिकको आय, व्ययको मास्केवारी स्वत: प्रकाशन गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

१४४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ।

१४६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक

स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ । गुनासो र सुझाव पेटिका गुनासो सुन्ने अधिकारीबाट प्रत्येक ३ दिनमा खोलिने व्यवस्था गरिनेछ ।

१४७. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

१४८. गाउँपालिका भित्र रहेका असङ्गठीत क्षेत्रका मजदुरहरुको तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४९. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमानयोग्य र नतिजामुखी तुल्याउन मध्यमकालीन खर्च संरचना (MTEF) पद्धतिलाई निरन्तरता दिइनेछ ।

१५०. गाउँपालिका अन्तर्गत रहेका संगठित सेवा प्रवाह गर्ने सम्पूर्ण कार्यालय, विद्यालय, संघसंस्थामा रहेका सेवा प्रवाहहरुको अनुपस्थित दरलाई शून्य बनाउन कडाइका साथ अनुगमन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१५१. कुनै पनि सेवा प्रदायक निकायले गाउँपालिका मार्फत सेवा दिन चाहेमा अनिवार्य रूपमा मौजुदा सूचीमा सूचिकृत हुनु पर्नेछ ।

१५२. जन्तेढुङ्गा गाउँपालिका भित्र रहेका पुराना मेसिन तथा औजारहरु सम्बन्धित प्राविधिकबाट मूल्याङ्कन गरि बिक्री प्रकृया अगाडि बढाइनेछ ।

१५३. सेवा प्रवाहलाई सहज, सुलभ र गुणस्तरीय बनाउन सडक र भवन तथा ग्रामिण विकाससँग सम्बन्धित सेवाहरु एकीकृत रुपमा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१५४. सुशासन प्रवर्द्धन तथा शासकीय सुधारमा जोड दिई स्थानीय तह केन्द्रित वा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ । भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

१५५. कर्मचारीहरुको वृत्ति विकास सुनिश्चित गर्नका लागि अवकाश कोषको स्थापना गरिनेछ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१५६. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायू उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुन:स्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइने कार्यलाई निरन्तरता दिइनेछ । विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ ।

१५७. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५८. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य श्रोतहरुको खोजी तथा हाल सञ्चालनमा रहेको जन्तेढुङ्गा खानेपानी आयोजनालाई व्यवस्थित गरि वितरणको व्यवस्था मिलाइनेछ ।

१५९. जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्र रहेका पानीका मूलहरु, सिमसार तथा जलधार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती स्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

१६०. विभिन्न ख ोला तथा नदीहरुको प्राविधिक सम्भाव्यता अध्ययन खानेपानी आपूर्ति व्यवस्थाका लागि संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

१६१. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यलाई प्रोत्साहित गरिनेछ । खाली जग्गामा वृक्षरोपण हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

१६२. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

१६३. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न पुनः प्रयोगको लागि प्लाष्टिकजन्य सामग्रीलाई छुट्टै व्यवस्थापन गर्न सामुदायिक वन महासंघ मार्फत चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१६४. उन्नत घाँसको बीउ उपलब्ध गराई विस्तार गरिने छ रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन वन सँगको सहकार्यमा विस्तार गरिने छ।

१६५. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न कृषि वन प्रणालिको प्रवर्द्धन र संवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। जलवायु परिवर्तन प्रभाव न्यूनीकरण गर्न भूमिगत जल पुनर्भरण, वर्षातको पानी संकलन, जलाशयमा आधारित आयोजना र मुहान संरक्षणलाई प्राथमिकता दिनइनेछ।

१६६. कफि, कृषि, वन र कार्वन विसर्जन परियोजना सँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१६७. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन कार्यलाई निरन्तरता दिइनेछ।

१६८. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारहरुको संरक्षण, जल जमिन तथा जलाधार क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

१६९. ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१७०. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१७१. वन डढेलो तथा आगलागी जस्ता गतिविधिलाई जनचेतनाको माध्यमबाट न्यूनीकरण गरिनेछ। वन डढेलो लगाउनेलाई कानुन अनुसार दण्डित गरिनेछ भने सोको जानकारी गराउने लाई पुरस्कृत गर्ने नीति लिइनेछ।

१७२. जडीबुटी तथा अन्य वनजन्य उद्यमको प्रवर्द्धनको लागि वनजन्य कच्चा पदार्थको दिगो आपूर्तिको व्यवस्था गरी हरित रोजगारी सिर्जना र नवप्रवर्तनमुखी उद्योगलाई प्रोत्साहन गरिनेछ।

१७३. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१७४. वन पैदावार तथा वन्यजन्तुको चोरी निकासी, वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण कार्यलाई निरन्तरता दिइनेछ।

**भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ती विकास, विद्युत, सिँचाइ, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१७५. चिसापानी बजार ढल ढलानको कार्यलाई निरन्तरता दिई सम्पन्न उन्मुख गरिनेछ।

१७६. सडक योजना तयार पर्ने, सडकको वर्गीकरण गर्ने Origin And Destination Survey मार्फत गाउँपालिका भित्रका सडकहरुको वर्गीकरण गरी अन्तर पालिका जोड्ने, अन्तर वडा जोड्ने सडक तथा अन्य वडा स्तरीय सडकको वर्गीकरण गर्ने तथा सडकको क्षेत्राधिकार कायम गरिनेछ। आवश्यकता अनुसार नयाँ सडक ट्र्याकको निर्माण गरिनेछ।

१७७. उल्लेखित वर्गीकरण अनुसार गर्नुपर्ने योजनाहरुको प्राथमिकीकरण गर्ने, मुख्य रणनीतिक सडक १२ महिना नै सञ्चालन हुने गरि स्तरोन्नति गर्ने तथा अन्तरपालिका जोड्ने सडकको अवस्था सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। गाउँपालिकाका आर्थिक, सामाजिक, विकासका लागि रणनीतिक महत्वका सबैं सडकहरुलाई स्तरोन्नती गरि वर्षेभरि यातायात सन्चालन हुनसक्ने सडक पूर्वाधार विकास गर्नमा जोड दिइनेछ।

१७८. सडकको काममा अनिवार्य श्रमदानको व्यवस्था, श्रमदान वापत उपभोक्ता समितिद्वारा नाली कटान तथा सोलिङ् गरिने कार्य अनिवार्य गरिनेछ। नतिजामुलक योजना कार्यान्वयन र प्रभावकारी योजनागत अनुगमनलाई अवलम्बन गरिनेछ।

१७९. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ। सङ्घीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान अन्तर्गत सञ्चालित योजनाहरु १० लाख भन्दा माथि ठेक्का प्रकृयाबाट सञ्चालन गरिनेछ।

१८०. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, २०७२ भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमी व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाइका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित संरचना निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

१८१. भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ साथै घरनक्सा पास गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१८२. गाउँपालिका भित्र भू-उपयोग नीति लागू गर्दै जाने नीति लिइनेछ।

१८३. धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रको भौतिक पूर्वाधार तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ। सहिद पार्क उदुङ्खा र होङ्गमा पोखरी संरक्षण, सैन्दर्यकरणको निम्ती निजी क्षेत्रलाई पनि आकर्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१८४. आवासविहिन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना अन्तर्गत फुसको छाँना विस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

**राजश्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१८५. आन्तरिक आय व्यवस्थापनका लागि प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइने छ।

१८६. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार सँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

१८७. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

१८८. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१८९. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अद्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

१९०. करदाताहरुलाई आफूले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ।

१९१. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ। गाउँपालिका भित्र सञ्चालन हुने सम्पूर्ण उद्योग तथा व्यवसाय दर्ता र नवीकरणको लागि प्रोत्साहन गरिने नीति लिइनेछ साथै दर्ता र नवीकरण नभएमा दण्ड र जरिवानाको नीति लिइनेछ।

१९२. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिनेछ। वन जन्य निकासीलाई करको दायरामा ल्याइनेछ। सम्पति कर, भुमि कर, बहाल कर नियमित र अनिवार्य गरिने नीति लिइनेछ। सम्पूर्ण निर्यातजन्य उत्पादनलाई करको दायरामा समावेश गरिनेछ।

१९३. सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आवद्ध गरी नगद रहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारीकीकरण गरिनेछ।

१९४. स्वैच्छिक कर अनुसरण, प्रविधिमैत्री राजस्व प्रशासन र शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइनेछ।

१९५. आन्तरिक राजस्वको दायरा विस्तार, वित्तीय सुशासन र विकासका लागि स्रोतको दिगो व्यवस्थापन गर्न नीतिगत एवम् संस्थागत सुधार गर्ने।

१९६. वित्तीय व्यवस्थापनको स्थिति एकिन गर्न सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व लेखाजोखा गरिनेछ। लैंगिक उत्तरदायी बजेट तर्जुमा गरी कार्यान्वन गरिने छ।

**धन्यवाद।**

२०८३ असाढ, ७ गते आइतबार

.......................

(अरुणा देवी राई)